बैठक संख्याः ०३/०८०/०८१

आज मिति २०८१ साल जेठ ०३ गते जिल्ला समन्वय समितिका प्रमुख श्री अमर बहादुर थापाज्यूको अध्यक्षतामा बसेको बागलुङ जिल्लाको तेस्रो जिल्ला सभा बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रह्यो।

**उपस्थिति**

| सि.न. | नामथर | पद | पालिका | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री अमर बहादुर थापा | प्रमुख | जिल्ला समन्वय समिति | |
| २. | श्री बसन्त कुमार श्रेष्ठ | प्रमुख | बागलुङ नगरपालिका | |
| ३. | श्री भरत शर्मा | प्रमुख | गल्कोट नगरपालिका | |
| ४. | श्री नर वहादुर पुन | प्रमुख | जैमिनी नगरपालिका | |
| ५. | श्री धन बहादुर कायत | का.बा. प्रमुख | ढोरपाटन नगरपालिका | |
| ६. | श्री होमनाथ शर्मा | उपप्रमुख | जिल्ला समन्वय समिति | |
| ७. | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | बडिगाड गाउँपालिका | |
| ८. | श्री जोकलाल बुढा | अध्यक्ष | तमानखोला गाउँपालिका | |
| ९. | श्री राजु थापा | अध्यक्ष | काठेखोला गाउँपालिका | |
| १०. | श्री सुर्य वहादुर घर्ती | अध्यक्ष | निसीखोला गाउँपालिका | |
| ११. | श्री धन वहादुर वि.क. | अध्यक्ष | ताराखोला गाउँपालिका | |
| १२. | श्री कृष्ण प्रसाद शर्मा | अध्यक्ष | बरेङ गाउँपालिका | |
| १३. | श्री हरिहर शर्मा | उप प्रमुख | जैमिनी नगरपालिका | |
| १४. | श्री राजु खड्का | उप प्रमुख | बागलुङ नगरपालिका | |
| १५. | श्री फमलाल निउरे | उप प्रमुख | गल्कोट नगरपालिका | |
| १६. | श्री भिम वहादुर रोका | उपाध्यक्ष | ताराखोला गाउँपालिका | |
| १७. | श्री दिलिप कुमार पुन | उपाध्यक्ष | बरेङ गाउँपालिका | |
| १८. | श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष | तमानखोला गाउँपालिका | |

१९. श्री प्रेम वहादुर घर्ती मगर उपाध्यक्ष निसीखोला गाउँपालिका

२०. श्री तेज वहादुर थापा उपाध्यक्ष काठेखोला गाउँपालिका

२१. श्री भिमसेन वन उपाध्यक्ष बडिगाड गाउँपालिका

२२. श्री कृष्ण राज गौतम सचिव, जिल्ला समन्वय अधिकारी जिल्ला समन्वय समितिको का.

अन्य उपस्थिति

१.सदस्य श्री पदम बहादुर क्षेत्री- जिल्ला समन्वय समिति बागलुङ।

२. सदस्य श्री हर्क बहादुर पाण्डे- जिल्ला समन्वय समिति बागलुङ।

३. सदस्य श्री टेक वहादुर अर्गेजा- जिल्ला समन्वय समिति बागलुङ।

४. सदस्य श्री जसोदा शर्मा - जिल्ला समन्वय समिति बागलुङ।

५. सदस्य श्री हरिकला पौडेल - जिल्ला समन्वय समिति बागलुङ।

६. सदस्य श्री धन कुमारी खत्री - जिल्ला समन्वय समिति बागलुङ।

७. सदस्य श्री कौशिला देवी वि.क. - जिल्ला समन्वय समिति बागलुङ।

८.ना.सु.श्री दुर्गा प्रसाद शर्मा - जिल्ला समन्वय समितिको का. बागलुङ ।

९.स.ले.पा. श्री कृष्ण कुमार महतो - जिल्ला समन्वय समितिको का. बागलुङ ।

१०. किरण आचार्य नेपाल टेलिभिजन प्रतिनिधि

११. सुमन रेग्मी नेपाल सञ्चार प्रतिनिधि

१२. प्रकाश बराल कान्तिपुर दैनिक उपसम्पादक

२०७१।२।१२

प्रस्तावहरु

१. मौज्दात कोषवाट बाँडफाँड भएको रकम सम्वन्धमा ।
२. गण्डकी प्रदेश सरकारवाट प्राप्त अनुदान रकमको बाँडफाँड सम्वन्धमा ।
३. समन्वय सम्बन्धमा ।
४. योजना छनौट र कार्यान्वयन सम्वन्धमा ।
५. संयुक्त लगानीमा गर्न सकिने आयोजना सम्बन्धमा ।
६. पुष्पलाल मध्यपहाडी राजमार्ग निर्माण कार्यमा भएको ढिलासुस्ती सम्बन्धमा ।
७. सालझण्डी सन्धिखर्क ढोरपाटन सडक एवं विभिन्न सडक भवन पुल सिँचाई कुलाहरु निर्माणमा भएको ढिलासुस्ती सम्बन्धमा ।
८. मालढुङ्गा- कुश्मीसेरा- बरेङ सडक अन्तर्गत बागलुङ नगरपलिका वडा न. १० गलुवाको पहिरो नियन्त्रण सम्वन्धमा ।
९. योजना तथा कार्यक्रमको सम्पन्नता सम्वन्धमा ।
१०. फोहरमैला व्यवस्थापन सम्वन्धमा ।
११. महङ्गी नियन्त्रण सम्वन्धमा ।
१२. विपद व्यवस्थापन सम्वन्धमा ।
१३. बजेट निकासा सम्बन्धमा ।
१४. रक्त संचार केन्द्र व्यवस्थापन ।
१५. सडक सुचारु राख्ने सम्बन्धमा ।
१६. जिल्ला दररेट सम्बन्धमा ।
१७. यातायात भाडा दर सम्बन्धमा ।
१८. भौतिक संरचना निर्माणमा क्षति सम्बन्धमा ।
१९. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, प्रशोधन र बिक्रि वितरण सम्बन्धमा ।
२०. अनुगमन सम्बन्धमा ।
२१. उत्तरगंगा जलासयुक्त विद्युत योजना सम्बन्धमा ।
२२. शिक्षा स्वास्थ्य कृषिलाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने सम्बन्धमा ।
२३. जिल्लाका सबै स्थानमा विद्युतको प्रशासण लाईन बिस्तार गर्ने सम्बन्धमा ।
२४. खानीहरु संचालन सम्बन्धमा ।
२५. पर्यटन क्षेत्रको विकास सम्बन्धमा ।
२६. भवन नक्शापास र सडक मापदण्ड कार्यान्वयन सम्बन्धमा ।
२७. दरमखोला हाईड्रोपावरको पाईप लाईन सम्बन्धमा ।
२८. हटियामा निर्माणाधिन पेट्रोल पम्प सम्बन्धमा ।
२९. जिल्लामा उत्पादन हुने वस्तुहरुको पहिचान सम्बन्धमा ।
३०. वन संग सम्बन्धित विद्यमान ऐन कानुनहरु परिमार्जन सम्बन्धमा ।
३१. रुपाताल संरक्षण एकिकृत परियोजना सम्बन्धमा ।

मिति २०८१/०२/०३ गते बसेको जिल्ला सभाका तेस्रो बैठकका निर्णयहरुः-

निर्णय न. १

जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको मौज्दात रकमलाई जिल्ला समन्वय समितिको मौज्दात कोष सचालन निर्देशिका,२०७५ वमोजिम विभिन्न मितिमा कार्यक्रम व्यवस्थापन समितिको निर्णय वमोजिम बाँडफाँड तथा खर्च भएको देहाय वमोजिमको रकम लाई अनुमोदन गर्ने ।

तपशिल

| क.स. | योजना तथा कार्यक्रमको नाम | स्थानीय तहको नाम | मौज्दात कोषबाट विनियोजित रकम | खर्च भएको रकम रु | सम्पन्न गरि सक्नु पर्ने आ.ब. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यालयको सभाहलमा राष्ट्रिय चिन्ह लगायतका चित्र भित्ते लेखन तथा नक्शा निर्माण, पंखा जडान, टेबुल पर्दा, झण्डा आदि को व्यवस्थापन | जिसस | ७५,०००।०० | ६७,८४२।७० | ०८०।०८१ | सम्पन्न भएको |
| २ | कार्यालय भवनको प्रवेश द्वार मर्मत तथा सभाहलको फर्निचर मर्मत । खरिद र रंगरोगन | जिसस | ९,७६,६३४।२४ | - | ०८०।०८१ | कार्य भैरहेको |

निर्णय न. २

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट आ.ब.०८०/०८१ मा जिल्ला समन्वय समिति बागलुङको लागि विनियोजन भई निकासा हुन आएको अनुदान रकम रु १०,००,०००। (अक्षरुपी दश लाख) नेपालको संविधानको धारा २२०,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ र ९३ तथा अन्य प्रचलित कानुन समेतलाई मध्येनजर गरी जिल्ला समन्वय समिति बागलुङको मिति २०८०।११।२१ को बैठकवाट भएको निर्णय वमोजिम खर्च गर्ने गरी बाँडफाँड गरीएको देहाय वमोजिमको रकमलाई अनुमोदन गर्ने।

२०८१।२।१२

| सि.नं. | कार्यक्रम तथा खर्चको शीर्षक | बाँडफाँड गरिएको रकम | खर्च गर्ने आधारहरु आधारहरु / मापदण्ड (Norms) | कैफियत |
|---|---|---|---|---|
| १ | दै.भ्र.भ. तथा अनुगमन खर्च | १,५०,०००। | क) पदाधिकारीका लागि कार्यक्षेत्र बाहिरको नियमानुसारको दै.भ्र.भ. ।<br>ख) कर्मचारीहरुका लागि नियमानुसारको दै.भ्र.भ.। | |
| २ | इन्धन खर्च | २,००,०००। | अनुगमन तथा अन्य कार्यका लागि जिल्लाभित्र तथा बाहिर कार्यालयको गाडी प्रयोग गर्दा लाग्ने इन्धन खर्च । | |
| ३ | सवारी साधन तथा अन्य मर्मत सम्भार खर्च | ६,५०,०००। | कार्यालयका सवारी साधनको मर्मत खर्च तथा आवश्कतानुसार अन्य मर्मत सम्भार खर्च | |
| | जम्मा रु | १०,००,००।<br>दश लाख मात्र | | |

निर्णय न. ३

नेपालको संविधानको धारा २२० को उपधारा ७ को खण्ड (क), (ख) र (ग) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाका विच समन्वय गर्ने, विकास निर्माण सम्बन्धि कार्यको अनुगमन गर्ने र जिल्लामा रहने संघीय र प्रदेशका सरकारी कार्यालय र स्थानीय तह विच समन्वय गर्ने लगायतका जिम्मेवारी जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई प्रदान गरेको हुंदा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को भावना र मर्म बमोजिम जिल्ला भित्र विकास निर्माण र सेवा प्रवाह लगायतका विषयमा जिल्ला समन्वय समिति र स्थानीय तहहरुसंग समन्वय गरी कार्य गर्न जिल्ला स्थित सबै सरकारी कार्यालयहरु एवं गैर सरकारी संघ संस्थाहरुलाई निर्देश गर्ने ।

निर्णय न. ४

स्थानीय तहबाट योजना तथा कार्यक्रम बनाउँदा जनसंख्या, भुगोल र आवश्यकताका आधारमा समानता, समावेशी उत्पादनमूलक,रोजगारी सिर्जना हुने, आय आर्जनमा वृद्धि हुने र राष्ट्रिय अर्थतन्त्रलाई समेत टेवा पुग्ने दिर्घकालिन प्रकृतिका योजना तथा कार्यक्रमहरु छनौट गरी कार्यान्वयन गर्ने ।

२०७५।२।१२

निर्णय न. ५

दुई वा दुई भन्दा बढी स्थानीय तहहरुको संयुक्त लगानीमा गर्न सकिने दिर्घकालिन प्रकृतिका वृहद आयोजनाहरुको पहिचान गरी त्यस्ता आयोजनाहरुमा स्थानीय तहहरुबाट संयुक्त लगानी गरी कार्यान्वयन गर्न प्राथमिकता दिने ।

निर्णय न. ६

पुष्पलाल (मध्यपहाडी) राजमार्गको बागलुङ बजार देखि घोडाबाँधे सम्मको सडकको प्रथम खण्डमा निर्माण व्यवसायीबाट निर्माण कार्यमा ढिलासुस्ती भएको, घोडाबाँधे देखि गल्कोट र बडिगाड देखि बुर्तिबाङ हुंदै पातिहाल्ने सम्मको सडक मर्मत कार्यमा निर्माण व्यवासायीबाट ढिला सुस्ती हुंदा धुलो र हिलो तथा खाल्टा खुल्टीका कारण यातायात आवागमनमा उच्च जोखिम रहनुको साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर परेको र आम जनसमुदायमा तिब्र असन्तुष्टि बढकाले उक्त खण्डमा तिब्र गतिमा काम गर्न गराउन सम्बन्धित निर्माण व्यवसायी र योजना कार्यालयलाई ध्यानाकर्षण गराउने।

निर्णय न. ७

सालझण्डि ढोरपाटन सडक, कालिगण्डकी कोरिडोरको मालढुङ्गा बलेवा खण्ड, कुश्मीसेरा- बरेङ- शान्तिपुर सडकको प्रथम खण्ड, लगायत जिल्लाभर संचालित प्रादेशिक सडकहरु,भवनहरु,खानेपानी योजनाहरु र पुलहरु निर्माणको कार्यमा ढिला सुस्ती भएको अनुगमनका क्रममा भेटिएको तथा सञ्चार मिडियाहरु, आम नागरिक समुदाय र उपभोक्ताहरुबाट तिब्र असन्तुष्टि प्रकट भइरहेको हुंदा उक्त सडक,भवन, खानेपानी र पुलहरुको निर्माण कार्य शिघ्र सम्पन्न गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराउने साथै निर्माण कार्य अगाडी नबढाउने निर्माण व्यवसायी उपर नियमानुसार आवश्यक कारवाहि गर्न र समयमै कार्य सम्पन्न गरेका निर्माण व्यवसायीलाई समयमै भुक्तानीको व्यवस्था मिलाउन सम्वन्धित निकायलाई लेखी पठाउने ।

निर्णय न. ८

मालढुङ्गा- कुश्मीसेरा- बरेङ- शान्तिपुर सडक अन्तर्गत बागलुङ नगरपालिका वडा न.१० मा पर्ने गलुवा खण्डमा निरन्तर रुपमा पहिरो गई बर्षातको समयमा सडक अवरुद्ध हुंदा बागलुङ जिल्लाका दक्षिण भेकका आम जनसमुदायलाई आवत जावतमा कठिनाई हुने गरेको र उक्त पहिरोको रोकथाम गरी सडक सुचारु गर्न स्थानीय स्रोत साधन अपर्याप्त हुने भएकाले सो सडकको स्थायी समाधानका लागी गण्डकी प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने । साथै सडक अवरुद्ध हुँदा तत्काल आवत जावतको लागि वैकल्पिक मार्गको खोजी गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने ।

निर्णय न. ९

जिल्ला भित्र संघ / प्रदेश अन्तरर्गतका कार्यालयहरु तथा स्थानीयतह र गैर सरकारी संघ संस्थाहरुबाट यस चालु आ.ब.मा सम्पन्न गर्न बाँकी रहेका योजना तथा कार्यक्रमहरु गुणस्तरीय रुपमा समयमै सम्पन्न गरी शत प्रतिशत प्रगती हांसिल गर्ने व्यवस्था मिलाउने ।

**निर्णय न. १०**

जिल्लाका सबै स्थानीय तहहरुले आधुनिक प्रविधिको प्रयोग गरी पुन उपयोग हुने गरी फोहरमैला व्यवस्थापनको व्यवस्था मिलाउने ।

**निर्णय न. ११**

दिन प्रतिदिन बजारमा महंगी बढि रहको र बजारमा मिसावट युक्त अखाद्य बस्तु बिक्री हुंदा आम नागरिकको तिव्र असन्तुष्टि बढेकाले प्रभावकारी रुपमा बजार अनुगमन गरी महंगी नियन्त्रण, मिसावट युक्त अखाद्य बस्तुको बिक्रि वितरण गर्ने कार्य रोक्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

**निर्णय न. १२**

बागलुङ जिल्लामा बर्षाद तथा अन्य कारण हुन सक्ने विपदजन्य घटनाहरुको व्यवस्थापनका लागि विपद सम्बन्धि उद्धार, राहत र पुनःस्थापनका लागि पूर्व तयारी गर्ने र सोका लागि आवश्यक सामाग्री र बजेट व्यवस्थापनको व्यवस्था मिलाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

**निर्णय न. १३**

संघ र प्रेदशबाट प्राप्त बजेट सिलिङ अनुसार स्थानीय तहहरु र कार्यालयहरुबाट योजना छनोट भै कार्य सम्पन्न भै सकेको तर स्वीकृत सिलिङ अनुसार बजेट निकासा नहुँदा भुक्तानीमा समस्या भएकाले स्वीकृत सिलिङ अनुसार नै बजेट निकासाका लागि संघ र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय न. १४**

विभिन्न दुर्घटनाहरुका कारण एवं अन्य अवस्थाका बिरामीहरुको उपचारको लागि रगत अभाव हुन नदिनका लागि रक्त संचार केन्द्रलाई थप व्यवस्थित गर्न थप स्रोत साधनको आबश्यक भएकोले आवश्यक बजेट व्यवस्थापनका लागि केन्द्र सरकार प्रदेश, सरकार स्थानीय तहहरु लगायत अन्य संघ संस्थाहरुबाट बाट समेत बजेट व्यवस्थापन गर्न पहल गर्ने।

**निर्णय न. १५**

बर्षादको समयमा हुने बाढी पहिरोका कारण जिल्लाका विभिन्न सडकहरु अवरुद्ध भई आवत जावतमा कठिनाई हुन सक्ने संभावना रहेको हुंदा सम्बन्धित योजना कार्यालय र निर्माण कम्पनीहरुले तत्काल सडक सुचारु राख्ने व्यवस्था मिलाउन निर्देशन गर्ने ।

निर्णय न. १६

आगामी आ.ब.०८१/०८२ का लागि जिल्ला दररेट निर्धारण गर्दा चालु आ.ब.को असार १२ गते भित्र निर्धारण गर्ने र उक्त बैठकमा स्थानीय तहहरुलाई आमन्त्रण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय बागलुङलाई अनुरोध गर्ने ।

निर्णय न. १७

जिल्ला सदरमुकाम बागलुङ बजार देखि विभिन्न पालिकाको केन्द्र र अन्य विभिन्न स्थान सम्मको हालको चलन चल्तिमा रहेको यातायात भाडादर अवैज्ञानिक भएको जनगुनासो प्राप्त भएकाले सडकको अवस्था र दुरीका आधारमा वैज्ञानिक भाडा दर निर्धारण गरी कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायलाई अनुरोध गर्ने।

निर्णय न. १८

संघीय कार्यालय प्रदेश कार्यालय र स्थानीय तहहरुले सडक, भवन, सिँचाई कुलो लगायतका भौतिक संरचनाहरु निर्माण तथा स्तरोन्नती गर्दा साविकका संरचनाहरुमा क्षति नपुग्ने र पानीको सहज निकास हुने गरी निर्माण गर्ने व्यवस्था मिलाउने र साविकका संरचनाहरुमा क्षति पुग्न गएमा सम्बन्धित आयोजनाबाटै पुन निर्माणको व्यवस्था मिलाउने।

निर्णय न. १९

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, प्रशोधन र बिक्रि वितरण सम्बन्धि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार द्वारा जारी भएका मापदण्ड / कार्यविधि / निर्देशिका तथा अनुगमन समितिबाट यस पुर्व भएका विभिन्न निर्णय एवं दिईएका सुझाव बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन, प्रशोधन बिक्रि, वितरणको साथै क्रसर उद्योग संचालनको व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने । साथै गण्डकी प्रदेश सरकारबाट हाल तोकिएको नदिजन्य पदार्थको दररेट कार्यान्वयनमा समस्या देखिएकाले यस बागलुङ जिल्लाको भूगोल तथा नदिहरुको अवस्थिति र नदिजन्य पदार्थको गुणस्तरका आधारमा फरक फरक दररेट कायम गर्न गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

निर्णय न. २०

जिल्ला भित्रका संघिय तथा प्रदेश अन्तर्गतका कार्यालयहरु र स्थानीय तहहरुबाट संचालित बिकास निर्माण संग सम्बन्धित योजना तथा कार्यक्रमहरुको जिल्ला समन्वय समितिबाट थप प्रभावकारी रुपमा अनुगमन र समन्वय गर्ने ।

०८१/२/१२

निर्णय न. २१

बागलुङ जिल्लाको महत्त्वपूर्ण गौरवको परियोजनाको रुपमा रहेको ढोरपाटन जलासययुक्त विद्युत परियोजना र कालिगण्डकी "बि" विद्युत परियोजना निर्माण कार्य प्रारम्भ गर्न ढिलासुस्ति भएको पाईएकाले तत्काल परियोजना निर्माण कार्य अगाडी बढाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

निर्णय न. २२

स्थानीय तहहरुले योजना तथा कार्यक्रम बनाई बजेट विनियोजन गर्दा पूर्वाधार विकासलाई बढि प्राथमिकतामा राखि शिक्षा, स्वास्थ्य, कृषि, पशुको क्षेत्र पछाडि परेको जनगुनासो प्राप्त भएकाले आगामी आ.ब.मा बजेट निर्माणमा शिक्षा, स्वास्थ्य, कृषि, पशु क्षेत्रलाई समेत प्राथमिकतामा राखि योजना तथा कार्यक्रम बनाई बजेट विनियोजनको व्यवस्था मिलाउने ।

निर्णय न. २३

बागलुङ जिल्लाका केही स्थानहरुमा हाल सम्म पनि विद्युतको केन्द्रिय प्रशासन लाईन विस्तार हुन नसकेकाले उक्त क्षेत्रका बासिन्दाहरु अहिले पनि अन्धकारमा बस्न बाध्य भएकाले विद्युत नपुगेका सबै स्थानमा विद्युतको केन्द्रिय प्रशारण लाईन बिस्तार गर्न र विद्युत प्रशारण लाईनको कार्य बिस्तार प्रारम्भ गरेका स्थानहरुमा यथाशिघ्र कार्य सम्पन्न गर्न नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

निर्णय न. २४

बागलुङ जिल्लाका विभिन्न स्थानहरुमा विभिन्न किसिमका खानीजन्य पदार्थ उत्खननको संभावना रहेकाले उत्खननको लागि खानीहरुको संभाव्यता अध्ययन तथा कानुनी प्रक्रिया पुरा गरी खानीहरुको उत्खनन गर्ने कार्य अगाडि बढाउन केन्द्र सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

निर्णय न. २५

बागलुङ जिल्ला आन्तरिक तथा वाह्य पर्यटनको संभावना रहेको जिल्ला भएकाले जिल्ला भित्र रहेका पर्यटकिय गन्तव्य स्थलहरुको पहिचान र प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटनको विकास गर्न सम्बन्धित नियकायको ध्यानाकर्षण गर्ने ।

निर्णय न. २६

जिल्ला भित्रका सबै स्थानीय तहहरुले स्थानीय तह भित्रका विभिन्न सडकहरुको मापदण्ड निर्धारण गर्नुका साथै नयां निर्माण हुने पक्की घरहरुको अनिवार्य रुपमा सरकारी भवन निर्माण मापदण्ड बमोजिम नक्शापास गरी घर तथा अन्य भौतिक संरचनाहरु निर्माण गर्ने व्यवस्था मिलाउने ।

निर्णय न. २७

पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गत गल्कोट नगरपालिका वडा नं.११ मा निर्माणाधिन अवस्थामा रहेको दरमखोला हाईड्रोपावरले सडकलाई दिर्घकालिन रुपमा असर पर्ने गरी पाईप लाईन बिछ्याएको भनी जनगुनासो प्राप्त भएको र अनुगमनका क्रममा सोही अवस्था देखिएकाले सोको उचित व्यवस्थापनका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने ।

निर्णय न. २८

गल्कोट नगरपालिका वडा नं. ३ हटियामा पुष्पलाल मध्यपहाडी राजमार्गलाई असर पुग्ने गरी गल्कोट शिव शक्ति आयल स्टोर्स स्थापना हुन लागेको भनी जनगुनासो प्राप्त भएको र अनुगमनका क्रममा सोही अवस्था देखिएकाले सोको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने ।

निर्णय न. २९

यस बागलुङ जिल्लामा उत्पादन हुने प्रमुख बस्तुहरुको पहिचान गरी उत्पादनका दृष्टिले जिल्लामा उत्पादन हुने बस्तुहरुको बजारीकरण एवं प्रचार प्रसारका लागि सबै स्थानीय तहहरुले पहल गर्ने ।

निर्णय न. ३०

जिल्लामा बिकास निर्माणका कार्यहरु गर्दा विभिन्न किसिमका अवरोधहरु आएकाले वन संग सम्बन्धित विद्यमान ऐन कानुन हरुमा समयानुकुल परिमार्जन गर्न नेपाल सरकार र गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

निर्णय न. ३१

बागलुङ जिल्लालाई रुपाताल संरक्षण एकिकृत विकास परियोजना गण्डकी प्रदेश कास्कीमा समावेश गरी परियोजना कार्यान्वयन हुन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

२०८१।२।१३